केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/कखग/२०/०७५/७६ मिति: २०७५/१२/०७

**इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरु,**

महाशय,

यस बैंकवाट इजाजतपत्रप्राप्त "क", "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन - २०७५ को विभिन्न इ.प्रा. निर्देशनहरुमा देहायबमोजिमको संशोधन/परिमार्जन गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

(१) इ.प्रा. निर्देशन नं. ८/०७५ को बुँदा नं. ३ उपबुँदा नं. १ को प्रतिवन्धात्मक वाक्यांशलाई देहायबमोजिम संशोधन गरिएको छ।

*"प्रचलित कानुन बमोजिम सूचीकृत हुन नपर्ने संस्थामा इजाजतपत्रप्राप्त संस्थाको एकाउन्न प्रतिशत वा सो भन्दा बढी लगानी रहेको अवस्थामा"*

(२) इ.प्रा. निर्देशन नं. १६/०७५ को बुँदा नं. ३ मा देहायबमोजिमको उपबुँदा नं. २ थप गरी क्रमसंख्या मिलान गरिएको छ।

*(२) इजाजतपत्रप्राप्त संस्थाले कारोबार नभएका बचत खाताको हकमा ३ वर्ष एवम् कल खाता र चल्ती खाताको हकमा ६ महिना भन्दा बढी समयावधि व्यतित भएपछि त्यस्तो खाता निष्कृय (Dormant) गर्नुपर्नेछ। यस अघि बैंक तथा वित्तीय संस्थाको नीतिगत व्यवस्था बमोजिम निष्कृय गरिएका खाताहरुको हकमा यसै व्यवस्था बमोजिम अध्यावधिक गर्नुपर्नेछ। साथै, सो खाता सक्रिय गर्दा संस्थाको ग्राहक पहिचान सम्बेन्धी नीति बमोजिम अद्यावधिक भएको खाताको हकमा सम्बन्धित ग्राहकको निवेदनवाहेक अन्य कागजात लिन आवश्यक हुने छैन।*

(३) इ.प्रा. निर्देशन नं. १७/०७५ को बुँदा नं ३. को उपबुदा नं (थ) लाई देहायबमोजिम संशोधन गरिएको छ।

*(थ) नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनमा आएको "सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५" बमोजिमको रु. १० लाखसम्मको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा, रु. १५ लाखसम्मको महिला उद्यमशील कर्जा र उक्त कार्यविधिमा उल्लिखित अन्य सहुलियतपूर्ण कर्जाहरु।*

(४) इ.प्रा. निर्देशन नं. १७/०७५ को बुँदा नं. १७ को शीर्षक तथा सोही बुँदाको उपबुँदा नं. २ को खण्ड (क), (ख) र (ग) लाई देहायबमोजिम संशोधन गरिएको छ।

**१७. प्राथमिकताप्राप्त क्षेत्र कर्जा सम्बन्धी व्यवस्था**

**(२) अनुगमन तथा हर्जाना** :

*(क) यस व्यवस्था अनुसार कर्जा प्रवाह नगरेमा वा कम प्रवाह गरेमा न्यूनतम रुपमा पुऱ्याउनु पर्ने रकममा हुन आउने नपुग रकममा २०७५ पुस मसान्तदेखि नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८१ बमोजिम सम्वन्धित इजाजतपत्रप्राप्त संस्थाले सो गणना अवधिमा कर्जामा लिने अधिकतम ब्याजदरले हुने रकम हर्जाना लगाइनेछ।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक

## बैंक तथा वित्तीय संस्था नियमन विभाग

यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गरिनेछ ।

(ख) वाणिज्य बैंकहरुका हकमा खण्ड (क) बमोजिम हर्जाना रकम गणना गर्दा देहाय बमोजिम गरिनेछ ।

(१) प्राथमिकताप्राप्त क्षेत्रमा तोकिएको २५ प्रतिशत नपुगेमा नपुग रकममा हर्जाना गणना गर्ने ।
(२) कृषि क्षेत्रमा १० प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।
(३) उर्जा तथा पर्यटन क्षेत्रमा १५ प्रतिशत कर्जा प्रवाह नभएको खण्डमा नपुग रकममा हर्जाना गणना गर्ने ।
(४) उपर्युक्त तीनवटै हर्जानामध्ये जुन बढी हुन्छ सो बमोजिम हर्जाना लगाउने ।
(५) यसरी हर्जाना लगाउँदा त्यस्तो नपुग रकमको त्रैमासिक रुपमा हुन आउने ब्याज रकम निर्धारण गरी सोही बराबरको रकम हर्जाना कायम गर्ने ।

(ग) प्राथमिकताप्राप्त क्षेत्रमा प्रवाह गरिने कर्जा गणना गर्दा ६ महिना अधिको कुल बाँकी कर्जा तथा सापट (बिल्स खरिद तथा डिस्काउण्ट सहित) को आधारमा २०७५ पुस मसान्तदेखि गणना शुरु गरी त्यसपछिको प्रत्येक त्रयमासमा गणना गर्ने ।

भवदीय,
२०७५।१२।६

(नारायण प्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**
(१) श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
(२) श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय ।
(३) श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा, सिंहदरबार ।
(४) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
(५) श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
(६) श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
(७) श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
(८) श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
(९) श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
(१०) श्री नेपाल बैंकर्स संघ, सेन्ट्रल बिजनेश पार्क, थापाथली ।
(११) श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर ।
(१२) श्री नेपाल वित्तीय संस्था संघ, डिल्लीबजार ।